दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र


**बर्ष : ६** **प्रमाणिकरण मिति : २०७९।०८।२०**

**संख्या : १** **प्रकाशन मिति : २०७९।०८।२८**


## भाग : ३

## २०७९ सालको कार्यविधि : १

## भू–उपयोग कार्यविधि

प्रस्तावना :- दमक नगरपालिका क्षेत्र भित्रको भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दिगो लाभ हासिल गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले भू-उपयोग ऐन, २०७६ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **दमक नगरपालिकाको भू-उपयोग कार्यविधि, २०७९** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**क. "आवासीय क्षेत्र"** भन्नाले मानवीय बासस्थानका लागि प्रयोग भएको घर रहेको जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारा, ग्यारेज, तवेला, इनार, फलफूल, बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँछ ।

**ख. "उपप्रमुख"** भन्नाले दमक नगरपालिकाको नगर उपप्रमुख लाई सम्झनु पर्छ ।

**ग. "ऐन"** भन्नाले भू-उपयोग ऐन २०७६ सम्झनु पर्छ ।

**घ. "औद्योगिक क्षेत्र"** भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनका लागि निर्माण गरिएका भवन घर वा टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनका लागि छुट्याइएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रबर्द्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँछ ।

**ङ. "कार्यविधि"** भन्नाले दमक नगरपालिकाको भू -उपयोग कार्यविधि, २०७९ लाई सम्झनु पर्छ ।

**च. "कार्यपालिका"** भन्नाले दमक नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

**छ. "कार्यान्वयन समिति"** भन्नाले ऐनको दफा २० बमोजिमको स्थानीय भू-उपयोग कार्यान्वयन समिति सम्झनु पर्छ ।

**ज. "कृषि क्षेत्र"** भन्नाले कृषि बाली उत्पादन, पशुपन्छी पालन, फार्महाउस, मत्स्यपालन, माहुरीपालन, रेशमखेती, लगायत कृषिजन्य उत्पादन बागवानी वा वनवाटिका, जडीबुटी र कृषि वनका लागि प्रयोग भएको वा हुन सक्ने जग्गालाई सम्झनु पर्छ ।

**झ. "खानी तथा खनिज क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन उत्पादन शुद्धीकरण प्रशोधन वा सञ्चय गर्ने प्रयोजनले छुट्याइएको क्षेत्रलाई सम्झनु पर्छ ।

**ञ. "नगरपालिका"** भन्नाले दमक नगरपालिका लाई सम्झनु पर्छ ।

**ट. "नियमावली"** भन्नाले भू-उपयोग नियमावली २०७९ लाई सम्झनु पर्छ

**ठ. "प्रमुख"** भन्नाले दमक नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

**ड. "प्रमुख** प्रशासकीय अधिकृत" भन्नाले दमक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

**ढ. "प्रदेश भू-उपयोग परिषद्"** भन्नाले ऐनको दफा १६ बमोजिमको प्रदेश भू-उपयोग परिषद्लाई सम्झनु पर्छ ।

**ण. "भू-उपयोग क्षेत्र"** भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्रलाई सम्झनु पर्छ ।

**त. "भू - उपयोग क्षेत्र नक्सा"** भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको नक्सालाई सम्झनु पर्छ ।

**थ. "भू - उपयोग योजना"** भन्नाले भू-उपयोगलाई व्यवस्थित गर्न ऐनको दफा ६ बमोजिम तयार गरिएको योजनालाई सम्झनु पर्छ ।

**द. "स्थानीय भू -उपयोग परिषद्"** भन्नाले दमक नगरपालिकाको स्थानीय भू-उपयोग परिषद् सम्झनु पर्छ ।

## परिच्छेद -२

## भूमिको वर्गीकरण भू-उपयोग योजना

**३. भू-उपयोग क्षेत्र वर्गीकरण :** (१) ऐनको दफा ४ को उपदफा (१) बमोजिम नगरक्षेत्रको भूमिलाई देहाय बमोजिमको भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिनेछ ।

क. कृषि क्षेत्र

ख. आवासीय क्षेत्र

ग. व्यावसायिक क्षेत्र

घ. औद्योगिक क्षेत्र

ङ. खानी तथा खनिज क्षेत्र

च. वन क्षेत्र

छ. नदी खोला ताल सिमसार क्षेत्र

ज. सार्वजनिक तथा पुरातात्विक महत्वको क्षेत्र

झ. नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र

(२) कृषि क्षेत्र बाहेक अन्य क्षेत्रमा वर्गीकरण भएको जग्गा त्यस्तो क्षेत्रमा उपयोगमा नआउँदा सम्मका लागि स्थानीय भू-उपयोग परिषद्लाई जानकारी गराई कृषि क्षेत्रको रुपमा उपयोगमा ल्याउन सकिनेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रमा उपदफा १ बमोजिम वर्गीकरण गरिएको क्षेत्र बाहेको अन्य कुनै भू-उपयोग क्षेत्रको रुपमा वर्गीकरण गर्न आवश्यक देखेमा त्यस्तो क्षेत्रलाई भू-उपयोग क्षेत्र वर्गीकरणमा समावेश गर्न संघीय भू-उपयोग परिषद्मा सिफारिस गरी पठाउनेछ ।

(४) उपदफा ३ बमोजिम सिफारिस गरी आएकोमा संघीय भू-उपयोग परिषद्ले थप वर्गीकरण गर्नु पर्ने आवश्यक देखेमा भू-उपयोग क्षेत्र वर्गीकरण गर्न नगरपालिकालाई सहमति दिन सक्नेछ ।

(५) स्थानीय भू-उपयोग परिषद्ले ऐन तथा नियमावली बमोजिम निर्धारित भू-उपयोग क्षेत्र वर्गीकरणका आधार मापदण्ड तथा मन्त्रालयले तयार गरेको कार्यविधि बमोजिम आफ्नो क्षेत्रभित्रको भूमिलाई भू-उपयोग क्षेत्रमा वर्गीकरण गर्नु पर्नेछ ।

(६) स्थानीय भू-उपयोग परिषद्ले भू-उपयोग क्षेत्र वर्गीकरण गरेको सूचना सर्वसाधारणको जानकारीका लागि स्थानीय पत्रपत्रिका तथा विद्युतीय सञ्चार माध्यमबाट प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ ।

(७) स्थानीय भू-उपयोग परिषद्ले वर्गीकरण गरिसकेको क्षेत्रमा नेपाल सरकार वा प्रदेश सरकारले तोकिएको वर्गीकरण भन्दा कुनै फरक योजना सञ्चालन गर्नु परेमा ऐनको दफा ८ बमोजिम मौजुदा भू-उपयोग परिवर्तन गर्नु पर्नेछ ।

४. **भू-उपयोग क्षेत्र वर्गीकरणका आधार, मापदण्ड र क्षेत्रफल** :-भू-उपयोग क्षेत्र वर्गीकरण गर्ने आधार, मापदण्ड तथा भू-उपयोग क्षेत्रको न्यूनतम क्षेत्रफल **अनुसूची १** मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **भू-उपयोग क्षेत्र वर्गीकरण** : (१) भू-उपयोग ऐन तथा नियमावली र यस कार्यविधिको दफा ४ बमोजिमको भू-उपयोग क्षेत्र वर्गीकरणका आधार, मापदण्ड र क्षेत्रफल भित्र रही स्थानीय भू-उपयोग परिषद्ले नगरपालिका क्षेत्र नगरपालिका क्षेत्रभित्र भू-उपयोग क्षेत्र वर्गीकरण गरी **अनुसूची -२** बमोजिमको ढाँचामा नगरबासीको जानकारीका लागि सार्वजनिक सूचना जारी गर्नेछ ।

(२) उपदफा १ बमोजिम भू-उपयोग क्षेत्र वर्गीकरण पश्चात् सबै वडा कार्यालयले वडाबासीको जानकारीका लागि आ - आफ्नो वडाको भू-उपयोग क्षेत्र वर्गीकरणको विवरण वडाको सूचना पाटीमा टाँस गर्नुको साथै प्रचारप्रसार समेत गर्नेछ ।

(३) भू-उपयोग कार्यान्वयन समितिले उपदफा १ र २ बमोजिमको सूचना प्रकाशनबाट प्राप्त सुझाव एवं पृष्ठपोषण नगरपालिका क्षेत्रभित्र गरेको

स्थलगत अवलोकन भेला तथा छलफल एवं अर्न्तक्रियाबाट प्राप्त सुझाव तथा सिकाई र नापी विभागबाट नगरपालिकालाई हस्तान्तरण गराएको भू-उपयोग नक्साको अध्ययन गर्नेछ ।

(४) उपदफा ३ बमोजिमको आधारमा स्थानीय भू-उपयोग कार्यान्वयन समितिले उपदफा १ बमोजिमको निर्णयमा काहीँकतै पुनरावलोकन गर्नुपर्ने भए सो को आधार र कारण सहितको प्रतिवेदन तयार गरी निर्णयका लागि स्थानीय भू-उपयोग परिषद्मा पेश गर्नेछ ।

(५) उपदफा ४ बमोजिम भू-उपयोग कार्यान्वयन समितिले पेश गरेको प्रतिवेदन एवं सिफारिस माथि छलफल गरी स्थानीय भू-उपयोग परिषद्ले नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी अन्तिम निर्णय गर्नेछ ।

(६) स्थानीय भू-उपयोग परिषद्बाट अन्तिम निर्णय भएपछि नगरपालिकाले सो निर्णय स्थानीय राजपत्रमा प्रकाशन गर्नुका साथै सोको सूचना सर्वसाधारणको जानकारीका लागि स्थानीय संचार माध्यम पत्रपत्रिका र आफ्नो वेबसाइटमा समेत प्रकाशन गर्नेछ भने सो को विवरण नापी विभाग प्रदेश भू-उपयोग परिषद् र संघीय भू-उपयोग परिषद्मा समेत पठाउनेछ, साथै जग्गाधनी दर्ता स्रेस्ता र सो सम्बन्धी विद्युतीय अभिलेख तथा जग्गाधनी दर्ता प्रमाणपूर्जा लगायतको अभिलेख अद्यावधिक गर्न मालपोत कार्यालय र नापी कार्यालयमा पनि लेखी पठाउनेछ ।

**६. अन्य भू-उपयोग क्षेत्र वर्गीकरण गर्न सकिने :** (१) ऐनको दफा ४ को उपदफा १ बमोजिम अन्य कुनै भू-उपयोग क्षेत्रमा वर्गीकरण गर्नुपर्ने भएमा नगरपालिकाले स्पष्ट आधार खुलाई वर्गीकरणमा समावेश गर्नुपर्ने क्षेत्र र सोको भौगोलिक विवरण समेत खुलाई संघीय भू-उपयोग परिषद्मा सहमतिको लागि लेखी पठाउनेछ ।

(२) उपदफा १ बमोजिम भू-उपयोग क्षेत्र वर्गीकरणको लागि लेखी आएमा संघीयभू-उपयोग परिषद्ले आवश्यकता र औचित्यताको आधारमा नगरपालिकालाई सहमति दिएमा स्थानीय भू-उपयोग परिषद्ले त्यस्तो भू-उपयोग क्षेत्रमा वर्गीकरण गर्नेछ ।

(३) उपदफा २ बमोजिम भू-उपयोग क्षेत्र वर्गीकरण गरिसकेपछि स्थानीय भू-उपयोग परिषद्ले सोको विवरण नापी विभाग, प्रदेश भू-उपयोग परिषद् र संघीय भू-उपयोग परिषद्मा पठाउनेछ ।

(४) भू-उपयोग वर्गीकरणको सूचना नगरपालिकाले सर्वसाधारणको जानकारीका  लागि स्थानीय राजपत्र, पत्रपत्रिका र आफ्नो वेबसाइटमा समेत प्रकाशन गर्नेछ ।

७. **नक्सा तथा तथ्याङ्क उपलब्ध गराउने :** नगरपालिकाले उद्देश्य र प्रयोजन खुलाई आफ्नो क्षेत्रको नक्सा तथा तथ्याङ्क वा अन्य कुनै विवरण उपलब्ध गराउन माग भई आएमा नापी विभागले त्यस्तो भू-उपयोग नक्सा तथा तथ्याङ्क उपलब्ध गराउनु पर्नेछ ।

८. **भू-उपयोग क्षेत्र नक्सा अद्यावधिक गर्ने :** (१) मन्त्रालयले तयार गरी नगरपालिकालाई हस्तान्तरण गरेको नक्साहरुलाई दमक भू-उपयोग परिषद्ले आवश्यकता अनुसार अद्यावधिक गरी लागू गर्नेछ ।

(२) नगरपालिकाको आवश्यक अनुसार भू-उपयोग क्षेत्र नक्सा अद्यावधिक गर्ने कार्यको लागि मन्त्रालय वा नापी कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

९. **भू-उपयोग योजना तर्जुमा** : (१) भू-उपयोग क्षेत्र वर्गीकरण सम्पन्न भएपछि नगरपालिकाले भू-उपयोग  कार्यक्रम कार्यान्वयन गर्न भू-उपयोग क्षेत्र नक्सा तथा आफ्नो क्षेत्रभित्रको आर्थिक, सामाजिक, पूर्वाधार विकास लगायतका विषय समेतको आधारमा संघीय र प्रदेश स्तरीय भू-उपयोग योजनासँग प्रतिकूल नहुने गरी नगर भू-उपयोग योजना तयार गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम गर्दा आवश्यकता अनुसार ग्रामीण क्षेत्र र शहरी क्षेत्रको बेग्लाबेग्लै तयार गरिएको भू-उपयोग योजना स्थानीय भू-उपयोग परिषद्बाट स्वीकृत गराई लागू गर्नु पर्नेछ ।

(३) भू-उपयोग योजना तयार गर्दा देहायका क्षेत्र देखिने गरी तयार गर्नु पर्नेछ :

क. औद्योगिक करिडोर

ख. विशेष आर्थिक क्षेत्र

ग. राष्ट्रिय परियोजना

घ. अन्तर-प्रदेश फैलिएका परियोजना

ङ. संरक्षण योग्य राष्ट्रिय महत्वका प्राकृतिक तथा भौतिक सम्पदाहरु

च. अन्तर्राष्ट्रिय पहिचान र मानवीय आस्था बोकेका धार्मिक, सांस्कृतिक महत्वका स्थानहरु

छ. विद्यालय वा अन्य शैक्षिक क्षेत्र सडक स्वास्थ्य संस्था सिंचाई कुलो वा नहर रहेको क्षेत्र

ज. राष्ट्रिय सुरक्षाको दृष्टिले संवेदनशील स्थानहरु

झ. विपद् जोखिमयुक्त क्षेत्र

ञ. वातावरणीय स्वच्छता तथा जैविक विविधता संरक्षणको लागि सुरक्षित क्षेत्र

ट. अन्य आवश्यक क्षेत्र

(४) मन्त्रालय र प्रदेश सरकारले नगरपालिकामा भू-उपयोग योजना तर्जुमा गर्न आवश्यक सहयोग सहजीकरण एवं प्रोत्साहन गर्नेछ ।

## परिच्छेद-३
## भू-उपयोग कार्यान्वयन संयन्त्र

**१०. भू-उपयोग कार्यान्वयन संयन्त्र :** (१) ऐन बमोजिम भू-उपयोग सम्बन्धी नीति योजना र मापदण्ड कार्यान्वयन गर्न संघीय तहमा संघीय भू-उपयोग परिषद् प्रदेशस्तरको भू-उपयोग सम्बन्धी प्रत्येक प्रदेशमा प्रदेश भू-उपयोग परिषद् र भू-उपयोग क्षेत्र तथा भू-उपयोग योजना तर्जुमा तथा कार्यान्वयनका लागि प्रत्येक स्थानीय तहमा एक स्थानीय भू-उपयोग परिषद् रहनेछ ।

(२) कानून बमोजिम यस नगरपालिकामा नगर कार्यपालिकाले स्थानीय भू-उपयोग परिषद्को रुपमा कार्य गर्नेछ ।

(३) स्थानीय भू-उपयोग परिषद्ले आफ्नो कार्य सम्पादनको क्रममा विषय विज्ञको सहयोग लिन सक्नेछ ।

(४) स्थानीय भू-उपयोग परिषद्को सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ ।

(५) स्थानीय भू-उपयोग परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ ।

(६) स्थानीय भू-उपयोग परिषद्को बैठक सम्बन्धी कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) स्थानीय भू-उपयोगपरिषद्को सदस्य तथा आमन्त्रितले दमक नगरपालिकाले तोके बमोजिमको बैठक भत्ता र भ्रमण खर्च प्राप्त गर्नेछन् ।

**११. स्थानीय भू-उपयोग परिषद्को काम कर्तव्य र अधिकार :** ऐनको दफा १९ बमोजिम स्थानीय भू-उपयोग परिषद्को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

क. नगरपालिकाको भू-उपयोग योजना स्वीकृत गर्ने,

ख. भूमि सम्बन्धी लगत संकलन विश्लेषण र उपयोग गर्ने,

ग. नगरपालिकाको भू-उपयोग क्षेत्र नक्सा अद्यावधिक गराउने,

घ. आवश्यकता अनुसार नगरपालिकाको भू-उपयोग उपक्षेत्र वर्गीकरण गर्ने,

ङ. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी सूचना तोकिए बमोजिम सरोकारवालाको पहुँचमा पुर्याउन भू-उपयोग कार्यान्वयन समितिलाई निर्देशन दिने,

च. नगरपालिकाको भू-उपयोग योजना कार्यान्वयनको प्रकृया र मापदण्ड तयार गरी लागू गर्ने,

छ. भू-उपयोग योजना कार्यान्वयनको अनुगमन गर्ने,

ज. भू-उपयोग परिवर्तनको लागि स्पष्ट आधार र कारण सहित सिफारिस गर्ने,

झ. तोकिएको उपयोग भन्दा फरक उपयोग गरेकोमा कारबाहीको गर्ने,

ञ. भू-उपयोग उल्लेखनीय योगदान गर्ने व्यक्ति परिवार वा संस्थालाई पुरस्कृत गर्ने,

ट. धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, सार्वजनिक, सामुदायिक स्थलहरुको संरक्षण गर्ने,

ठ. नगरपालिकाको भू-उपयोग सम्बन्धी आवश्यक नीतिहरु तर्जुमा गरी कार्यान्वयन गर्ने,

**१२. कार्यान्वयन समिति :** (१) स्थानीय भू-उपयोग परिषद्को कार्यमा सहयोग गर्न ऐन बमोजिम नगरपालिकामा देहाय बमोजिमको भू-उपयोग कार्यान्वयन समिति रहनेछः-

| | |
|---|---|
| क. नगर प्रमुख - | अध्यक्ष |
| ख. नगर उपप्रमुख - | सदस्य |
| ग. सम्बन्धित वडाको वडा अध्यक्ष- | सदस्य |
| घ. नगर कार्यपालिकाको कार्यालयका कृषि, भूमि, शहरी, भौतिक पूर्वाधारसँग सम्बन्धित शाखाका प्रमुखहरु - | सदस्य |

ङ. सरोकारवाला मध्येबाट स्थानीय भू-उपयोग
परिषद्ले तोकेको दुईजना महिला सहित चारजना - सदस्य

च. नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव

(२) उपदफा (१) को खण्ड ङ बमोजिम तोकिएको सदस्यहरुको पदावधी तीनवर्षको हुनेछ ।

(३) कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. स्थानीय भू-उपयोग परिषद्बाट स्वीकृत भू-उपयोग योजना कार्यान्वयन गर्ने ।

ख. वर्गिकृत क्षेत्रको सूचना तोकिए बमोजिम सरोकारवालाको जानकारीको लागि सार्वजनिक गर्ने ।

ग. प्रत्येक वडाको वडास्तरीय भू-उपयोग योजना तयार गर्ने ।

घ. वडास्तरीय भू-उपयोग योजना वडा समितिबाट अनुमोदन गराई सो को आधारमा स्थानीय तहको समष्टगत भू-उपयोग योजना तयार पारी स्थानीय भू-उपयोग परिषद्मा पेश गर्ने ।

ङ. कार्यान्वयनको क्रममा देखिएका समस्याहरु समाधानका लागि विकल्प सहित स्थानीय भू-उपयोगपरिषद्मा पेश गर्ने ।

च. भूमिको संरक्षण र दिगो उपयोगका लागि सचेतना अभिवृद्धि गर्ने ।

छ. भूमिको संरक्षण र दिगो उपयोगका लागि सचेतना अभिवृद्धि गर्ने ।

ज. कृषियोग्य जमिन बाँझो रहे नरहेको अनुगमन गर्ने ।

झ. सामुदायिक भूमिको पहिचान गरी सामुहिक हितमा उपयोगको व्यवस्था मिलाउने ।

ञ. भू-उपयोगमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, परिवार वा संस्थालाई पुरस्कृत गर्न सिफारिस गर्ने ।

ट. वडाको भू-उपयोग कार्यान्वयन उपसमितिबाट प्राप्त प्रतिवेदन उपर छलफल गरी आवश्यक परेमा यससँग सम्बन्धित विज्ञको समेत राय लिई त्यसलाई अन्तिम रुप दिएर स्थानीय भू-उपयोग परिषद्मा पठाउने ।

(४) भू-उपयोग कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(५) भू-उपयोग कार्यान्वयन समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) स्थानीय भू-उपयोग परिषद्को सदस्य तथा आमन्त्रितले दमक नगरपालिकाले तोके बमोजिम बैठक भत्ता र भ्रमण खर्च प्राप्त गर्नेछ ।

**१३. भू-उपयोग क्षेत्र नक्सा तथा अद्यावधिक :-** (१) मन्त्रालयले भू-बनौट, भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजुदा उपयोग र आवश्यकता समेतको आधारमा तयार पारेको भू-उपयोग क्षेत्र नक्सा तथा भौगोलिक अवस्थामा आएको परिवर्तन तथा अन्य स्थानीय आवश्यकता र परिस्थिति अनुसार अद्यावधिक वा भू-उपयोग क्षेत्र परिमार्जन गर्नुपर्ने देखिएमा नगरपालिकाले अद्यावधिक गरी प्रयोगमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले भू-उपयोग क्षेत्र नक्सा तथा विवरणमा अद्यावधिक गर्ने प्रयोजनका लागि नगरपालिकाले प्राविधिक सहयोग माग गरेमा वा अद्यावधिक गर्न अनुरोध गरेमा नापी विभागले आवश्यक सहयोग गर्नेछ ।

## परिच्छेद-४

## जग्गाधनी स्रेस्ता र प्रमाणपूर्जा तथा भू-उपयोग परिवर्तन

**१४. जग्गा स्रेस्ता र प्रमाणपूर्जा अद्यावधिक गर्नु पर्ने :** (१) नगरपालिकाले भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा बमोजिम आफ्नो सिमाना भित्रको प्रत्येक कित्ता

जग्गाको जग्गाधनी दर्ता स्रेस्ता र जग्गाधनी दर्ता प्रमाणपूर्जामा भू-उपयोग क्षेत्र वर्गीकरण जनाई अद्यावधिक गर्नु पर्नेछ ।

(२) उपदफा (१)बमोजिम अद्यावधिक गर्ने प्रयोजनका लागि नगरपालिकाले सम्बन्धित मालपोत कार्यालय र नापी कार्यालयलाई लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाबाट लेखी पठाएकोमा सम्बन्धित मालपोत कार्यालय र नापी कार्यालयले आफूसँग रहेको जग्गाधनी स्रेस्ता र सो सम्बन्धी मालपोत कार्यालय र नापी कार्यालयलाई लेखी पठाउनु पर्नेछ ।

(४) नगरपालिकाले जग्गाधनी दर्ता प्रमाणपूर्जामा भू-उपयोग क्षेत्र वर्गीकरणको व्यहोरा अद्यावधिक गर्न सर्वसाधारणको जानकारीका लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सूचना प्रकाशन भएपछि जग्गाधनी दर्ता प्रमाणपूर्जामा भू-उपयोग क्षेत्र वर्गीकरणको व्यहोरा अद्यावधिक गर्न जग्गाधनीले आफ्नो जग्गाधनी दर्ता प्रमाणपूर्जाको सक्कल प्रति सहित मालपोत कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम अद्यावधिक भएको जग्गाको जग्गाधनी दर्ता प्रमाणपूर्जामा अद्यावधिक नगराएको जग्गाधनीले त्यस्तो जग्गाधनी दर्ता स्रेस्ता बमोजिम जग्गाधनी दर्ता प्रमाणपूर्जामा भू-उपयोग क्षेत्रको वर्गीकरण जनाई दिनु पर्नेछ ।

(७) उपदफा (१) बमोजिम अद्यावधिक भएको जग्गाको जग्गाधनी दर्ता प्रमाणपूर्जामा अद्यावधिक नगराएको जग्गाधनीले त्यस्तो जग्गाको कुनै कर वा दस्तुर बुझाउन आएमा स्थानीय तहले आफ्नो अभिलेख भिडाई अभिलेखमा उल्लेखित भू-उपयोग क्षेत्र वर्गीकरण बमोजिमको कर वा दस्तुर

लिई त्यस्तो जग्गाधनी दर्ता प्रमाणपूर्जा अद्यावधिक गर्न मालपोत कार्यालयमा पठाउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम कुनै जग्गाधनीले भू-उपयोग क्षेत्र अद्यावधिक गर्न आएमा सम्बन्धित मालपोत कार्यालयले निजको जग्गाधनी दर्ता प्रमाणपूर्जामा प्रत्येक कित्ता जग्गाको भू-उपयोग क्षेत्र जनाई दिनु पर्नेछ

(९) यस नियम बमोजिम अद्यावधिक गरिएको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी विवरणको अभिलेख मालपोत कार्यालयले राख्नु पर्नेछ ।

१५. **भू-उपयोग परिवर्तन गर्न नहुने** :-दफा ४ बमोजिम एउटा प्रयोजनका लागि वर्गीकरण गरिएको जग्गा अर्को प्रयोजनमा प्रयोग गर्ने गरी भू-उपयोग परिवर्तन गर्न हुँदैन ।

१६. **भू-उपयोग परिवर्तन गर्न सकिने :** (१) ऐन, नियमावली तथा यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै स्थान वा बस्ती कुनै विपद् वा प्राकृतिक प्रकोपको कारण असुरक्षित भएमा त्यस्तो क्षेत्रलाई असुरक्षित वा अव्यवस्थित स्थान घोषणा गरी त्यस्तो स्थानमा बसोबास गरेको वा समुदायलाई सुरक्षित तथा व्यवस्थित स्थानमा बसोबासको व्यवस्था मिलाउन भू-उपयोग परिवर्तन सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भू-उपयोग परिवर्तन गर्दा अन्यत्र जग्गा उपलब्ध हुन नसकेको अवस्थामा मात्र कृषि क्षेत्रमा बसोबासको व्यवस्था मिलाउने गरी भू-उपयोग परिवर्तन गर्नुपर्नेछ ।

(३) पहिलो पटक भू-उपयोग क्षेत्र निर्धारण भइसकेपछि कुनै व्यक्तिले निजको हकभोगमा रहेको जग्गा निर्धारित प्रयोजनमा भन्दा फरक प्रयोजनमा प्रयोग गर्नुपर्ने भएमा सो को आधार र कारण खुलाई भू-उपयोग नियमावली, २०७९ को **अनुसूची-२** बमोजिमको ढाँचामा दमक नगरपालिका भू-उपयोग परिषद्मा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा(३) बमोजिम निवेदन प्राप्त भएमा वा आफ्नो क्षेत्रभित्रको कुनै जग्गाको निर्धारित भू-उपयोग परिवर्तन गर्नु पर्ने भएमा सम्बन्धित दमक नगरपालिका भू-उपयोग परिषद्ले सोको र कारण खुलाई प्रादेशिक भू-उपयोग परिषद् समक्ष अनुरोध गर्नु पर्नेछ ।

(५) उपदफा(४) बमोजिम अनुरोध प्राप्त भएमा प्रादेशिक भू-उपयोग परिषद्ले सो प्रयोजनका लागि अध्ययन गरी माग बमोजिम भू-उपयोग परिवर्तन गर्न उपयुक्त देखिएमा संघीय भू-उपयोग परिषद् समक्ष सिफारिस गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम सिफारिस प्राप्त भएमा संघीय भू-उपयोग परिषद्ले विद्यमान भू-उपयोग परिवर्तन गर्न सक्नेछ ।

(७) भू-उपयोग परिवर्तन भएको व्यहोराको सूचना नगरपालिकाले सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(८) भू-उपयोग परिवर्तन गर्न अनुमति दिएपछि वा अदालतमा उजुरी परेका अदालतबाट निर्णय भई आएपछि नगरपालिकाले जग्गाधनी दर्ता स्रेस्ता र सो सम्बन्धी विद्युतीय अभिलेख तथा जग्गाधनी दर्ता प्रमाणपुर्जा लगायतको अभिलेख अद्यावधिक गर्न मालपोत कार्यालय र नापी कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम जग्गाधनी दर्ता स्रेस्ता विद्युतीय अभिलेख तथा जग्गाधनी दर्ता प्रमाणपूर्जा अद्यावधिक गर्न लेखी आएमा सम्बन्धित मालपोत कार्यालय र नापी कार्यालयले अद्यावधिक गर्नु पर्नेछ ।

१७. **भू-उपयोग क्षेत्र पुनरावलोकन :** स्थानीय भू-उपयोगपरिषद्ले हरेक बर्षको भाद्र मसान्तभित्र नगरपालिकाक्षेत्रको भू-उपयोग क्षेत्र पुनरावलोकन गर्न सक्नेछ ।

## परिच्छेद -५

## भू-उपयोग कार्यक्रम जग्गाको खण्डीकरण तथा चाक्लाबन्दी

**१८. भू-उपयोग कार्यक्रम सञ्चालन गर्न सक्ने :** (१) नगरपालिकाले भूमिको समुचित उपयोग तथा सार्वजनिक हित समेतलाई ध्यानमा राखी नगरक्षेत्रभित्रको सबै क्षेत्रमा भू-उपयोग कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्नु पूर्व सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशन भएपछि नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र भू-उपयोग कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(४) नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र सञ्चालन हुने भू-उपयोग कार्यक्रमको सम्बन्धमा सर्वसाधारणको जानकारीका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**१९. जग्गाको किसिम उल्लेख गर्नु पर्ने :** भू-उपयोग कार्यक्रम सञ्चालन भएको क्षेत्रमा कित्तानापी प्रयोजनका लागि जग्गा नापजाँच र स्रेस्ता तयार गर्दा तथा जग्गाको किसिम उल्लेख गर्दा **अनुसूची-२** बमोजिम वर्गीकरण गरिएको भू-उपयोग क्षेत्र उल्लेख गर्नु पर्नेछ ।

**२०. जग्गाको खण्डीकरण नियन्त्रण :** (१) कृषिक्षेत्रको रुपमा वर्गीकरण वा तोकिएको जग्गालाई छ सय पचत्तहर वर्ग मिटर क्षेत्रफलभन्दा कम क्षेत्रफल हुने गरी कित्ताकाट गर्न पाईने छैन ।

क. अन्य क्षेत्रको हकमा न्यूनतम एकसय तीस वर्ग मिटरभन्दा कम क्षेत्रफल हुने गरी।

ख. नक्साको प्रकृति हेरी पाँच सय वर्ग मिटरभन्दा सानो कित्ताको हकमा चौडाई लम्बाई चार गुणाभन्दा बढी हुने गरी।

(२) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कित्ताको आकार वा क्षेत्रफल अमिल्दो भई सिमानाको अर्को कित्ताबाट निश्चित क्षेत्रफल समावेश गरी प्लट मिलान गर्न उपयुक्त देखिएमा सो को प्लट मिलानका लागि कित्ताकाट गर्न सकिनेछ ।

(३) उपदफा (३) बमोजिम कित्ताकाट गरी प्लट मिलान गर्दा सम्बन्धित कित्ता नै गाभिने गरी गर्नु पर्नेछ ।

२१. **जग्गाको चाक्लाबन्दी कार्यक्रमः** (१) नगरपालिकाले कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायीकरण, सहकारी खेती, सामूहिक खेती तथा सार्वजनिक खेती गर्ने प्रयोजनको लागि सम्बन्धित जग्गाधनीको सहमतिमा साँध सिमाना जोडिएको कित्ता जग्गाको एकिकरण गरी चाक्लाबन्दी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कृषि भूमिमा चाक्लाबन्दी गर्दा नगरपालिकाले सम्बन्धित जग्गाधनीको सहमतिमा प्रचलित कानूनको अधिनमा रही जग्गाको ज्यामितीय आकार मिलाउने गरी नक्सा स्रेस्तामा आवश्यक संशोधन गर्न सकिनेछ ।

(३) नगरपालिकाले सम्बन्धित जग्गाधनीको आपसी सहमतिमा सहकारी खेती र सामूहिक खेतीका लागि समेत जग्गाको स्वामीत्वमा असर नपर्ने गरी चाक्लाबन्दीको कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(४) नगरपालिकाले सञ्चालन गरेको चाक्लाबन्दी कार्यक्रमको विवरण सहितको लिखित जानकारी अभिलेखीकरणका लागि सम्बन्धित नापी तथा मालपोत कार्यालयको साथै मन्त्रालय र प्रदेश सरकारको भूमि व्यवस्था सम्बन्धी विषय हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद-६

## विविध

**२२. नयाँ घर निर्माण वा बसोबासका पूर्वाधारहरु थप वा विस्तार गर्न नसकिने :**
(१) भू-उपयोग क्षेत्र निर्धारण हुदाँका बखत कृषि क्षेत्रमा रहेको घरमा साविक बमोजिम बसोबास गरेकोमा बाहेक नयाँ घर निर्माण वा बसोबासका पूर्वाधारहरु थप वा विस्तार गर्न सकिने छैन ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि साविक बमोजिम बसोबास गरिआएको घर कुनै कारणले भत्केको वा पुरानो भई नयाँ बनाउनु पर्ने अवस्था भएको घर निर्माणको लागि निजको अन्यत्र कुनै जग्गा नभएमा कृषि क्षेत्रमा नयाँ घर निर्माण गर्न वा कृषि प्रयोजनका लागि आवश्यक पर्ने संरचना बनाउन बाधा पर्ने छैन ।

**२३. घडेरी विकसित गर्न नपाइने** :-यस कार्यविधि बमोजिम आवासीय प्रयोजनका लागि वर्गीकरण गरिएको क्षेत्र बाहेकका अन्य क्षेत्रमा कुनै पनि प्रयोजनले व्यावसायिक रुपमा घडेरी विकसित गर्न र सोको बिक्री वितरण गर्न पाईने छैन ।

**२४. जग्गाको मूल्याङ्कन र करको निर्धारण** :- नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गाको मूल्याङ्कन गर्दा र भूमि सम्बन्धी करको निर्धारण गर्दा भू-उपयोग क्षेत्र वर्गीकरणलाई आधार मान्नेछ ।

**२५. कृषि क्षेत्रलाई विशेष सहुलियत दिइने** :-कृषि क्षेत्रमा वर्गीकरण भएको जग्गामा कुनै कृषि खेती वा व्यवसाय गर्दा नगरपालिकाले विशेष सहुलियत तथा अनुदानको व्यवस्था गर्नेछ ।

**२६. उजुरी दिन सकिने** : (१) दफा १५ बमोजिम अद्यावधिक गरिएको कार्यमा चित्त नबुझ्ने जग्गाधनीले त्यस्तो कार्य भएको मितिले पैंतिस दिनभित्र स्थानीय भू - उपयोग परिषद्मा उजुरी दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिमको उजुरी उपर गरेको निर्णय चित्त नबुझ्ने पक्षले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ । जिल्ला अदालतले  गरेको निर्णय अन्तिम हुनेछ ।

२७. **कसूर गरेको मानिने** :-देहाय बमोजिमका कार्य गरेमा ऐन बमोजिम कसूर गरेको मानिनेछ,

क. तहगत भू-उपयोग नक्सा र भू-उपयोग योजना बमोजिम कार्य नगरेमा,

ख. काबुबाहिरको परिस्थिति उत्पन्न भई जग्गा बाँझो राख्नु पर्ने उचित र पर्याप्त कारण सहितको सूचना सम्बन्धित स्थानीय तहमा दिएको अवस्थामा बाहेक कृषि क्षेत्रमा वर्गीकृत जमिन लगातार तीन वर्षदेखि बाँझो राखेमा,

ग. यस ऐनमा उल्लेखित अवस्थामा बाहेक निर्धारित भू-उपयोग क्षेत्र वर्गीकरण परिवर्तन गरेमा ।

**२८. उजुरी तथा सजाय सम्बन्धी व्यवस्था :** (१) दफा २७ बमोजिम कसैले कसूर गरेको पाइएमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष उजूरी दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरी उपर कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(३) तोकिएको अधिकारीले ऐनको दफा २५ बमोजिम दण्ड सजाय तोक्न सक्नेछन् ।

**२९. पूनरावेदन :** दफा २८ बमोजिम भएको सजाय वा आदेश उपर चित्त नबुझेमा सम्बन्धित जग्गाधनीले सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन दिन सक्नेछ ।

**३०. संक्षिप्त कार्यविधि अपनाइने :** दफा २७ बमोजिमको कसूरसँग सम्बन्धित मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

**३१. भू-उपयोग योजनाको अनुकूल हुने गरी गर्नु पर्ने** : विकास निर्माणका कार्य गर्दा वा भौतिक संरचना निर्माण गर्दा भू-उपयोग योजना अनुकूल हुने गरी गर्नु पर्नेछ ।

**३२. भू-उपयोग सम्बन्धी विवाद समाधान गर्ने :** नगरक्षेत्रभित्र भू-उपयोग सम्बन्धी विवाद देखिएमा स्थानीय भू-उपयोगपरिषद्ले राष्ट्रिय भूमि नीति भू-उपयोग ऐन तथा नियमावलीका अतिरिक्त भू-उपयोग सम्बन्धी स्थानीय कानून बमोजिम समाधान गर्नेछ।

**३३. खारेजी र बचाउ :** (१) दमक जग्गा खण्डीकरण (प्लटिङ्ग) कार्यविधि २०७८ खारेज गरिएको छ ।

(२) दमक जग्गा खण्डीकरण (प्लटिङ्ग) कार्यविधि २०७८ को व्यवस्था बमोजिम भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची-१
## (दफा ४ सँग सम्बन्धित)

भू-उपयोग क्षेत्र वर्गीकरणका आधार मापदण्ड तथा क्षेत्रफल भू-उपयोग क्षेत्र वर्गीकरणका आधार तथा मापदण्ड देहाय बमोजिम हुनेछन् ।

**क. कृषि क्षेत्र :** (१) सडक पहुँच- नापी नक्सामा गोरेटो, बाटो, राजकुलो, पर्ति, सार्वजनिक जग्गा, वनक्षेत्रले नछोएको जग्गाहरु कृषि क्षेत्र तोकिनेछ । नापी नक्सामा बाटो नभएको कारणले कृषि क्षेत्र कायम भएका कित्ता जग्गाहरुको हकमा प्रचलित कानून बमोजिमको आधार सहित सम्बन्धित जग्गा धनीले भू-उपयोग परिवर्तन गर्न स्थानीय भू-उपयोग परिषद्मा निवेदन दिएमा वा स्थानीय भू-उपयोग परिषद्को निर्णयले अद्यावधिक रुपमा आवश्यकता अनुसार कृषि क्षेत्रबाट अन्य क्षेत्रमा भू-उपयोग क्षेत्र परिवर्तन हुनेछ ।

(२) कृषि उत्पादनको रेखदेख गर्न, भण्डार गर्न, सुकाउन तथा प्रशोधन गर्न वा पशुपालनका लागि प्रयोग भएको कुनै पनि भौतिक संरचना वा घर, टहरा आदि भएको जग्गा ।

(३) खनजोत गरी खेती लगाउन तयार गरिएको जग्गा वा खेती लगाउन उपयुक्त हुन सक्ने आवाद लायक पर्ती वा बाँझो जग्गा ।

(४) बसोबास, व्यावसायिक क्षेत्र वा अन्य उपयोग भएको क्षेत्रसँग जोडिएको भए तापनि कित्ताको क्षेत्रफल पाँच हजार वर्ग मिटर भन्दा बढी भई खेती गरिएको वा खनजोत गरिएको वा पर्ती बाँझो जग्गा

(५) नियमावलीको नियम ४ बमोजिम प्राप्त भू-उपयोग क्षेत्रमा नक्सा

**ख. आवासीय क्षेत्र :** (१) सडक/ बाटोको पहुँच - नगरपालिका क्षेत्रभित्र रहेकाबाटोले जोडिएको दायाँ बायाँ १०० मिटर सम्मका सम्पूर्ण जग्गाहरु आवासीय क्षेत्र हुनेछ ।

(२) सार्वजनिक, पर्ति, वन क्षेत्र, खोला र खोल्सीसँग जोडिएको जग्गाहरुको हकमा तोकिएको मापदण्ड छोडी बाँकी कायम रहेका बाटोमा जोडिएका जग्गा आवासीय क्षेत्र हुनेछ । साविकको राजकुलो बाटोको रुपमा रुपान्तरण भैसकेको हकमा त्यस्तो बाटोले छोएको सम्पूर्ण कित्ता जग्गा आवासीय हुनेछ । बाटोसँग जोडिएका एकै व्यक्ति वा एकाघरको परिवारको सदस्यको नाममा स्रेस्ता पूर्जा कायम रहेको जग्गासँग जोडिएका सबै कित्ता जग्गाहरु आवासीय हुनेछ । नापी नक्सामा बाटो नभएको तर चलन चल्तीमा बाटोको रुपमा प्रयोग भई आएका बाटोको हकमा बाटोले छोएमा सम्पूर्ण कित्ता जग्गाहरु आवासीय हुनेछ ।

(३) बसोबासका लागि आवश्यक आधारभूत भौतिक पूर्वाधार, सडक, विद्युत, खानेपानी वा ढल निकास लगायतको व्यवस्था भएको क्षेत्रमा रहेको एक हजार वर्ग मिटरभन्दा साना कित्ताका जग्गा ।

(४) बसोबास क्षेत्रमा उपयोग गर्न आवश्यक न्यूनतम पूर्वाधारको विकास भएको कित्ता जग्गा रहेको ठाउँबाट एक सय मिटरको अर्धव्यासको क्षेत्रमा एक सय पचास एकात्मक परिवार आवास इकाई वा दशभन्दा बढी संयुक्त परिवार आवास इकाई भएको जग्गा ।

(५) नेपाल सरकारको निर्णय बमोजिम स्मार्ट शहर आयोजना तोकिएको क्षेत्र ।

(६) नगरपालिका भित्रको जनसंख्या वृद्धि दर

(७) बसाईसराई र वार्षिक नयाँ घर निर्माणको वृद्धि दर

(८) नियमावलीको नियम ४ बमोजिम प्राप्त भू-उपयोग क्षेत्र नक्सा

**ग. व्यावसायिक क्षेत्र :** (१) सडकको पहुँच-नगरपालिका भित्र १२ मिटर र सो भन्दा बढी चौडा भएका बाटोको पहुँच पुगेको जग्गा वा क्षेत्रलाई व्यावसायिक क्षेत्र तोकिनेछ ।

**घ. औद्योगिक क्षेत्र :** (१) सडक पहुँच : नगरपालिका भित्र १८ मिटर र सो भन्दा बढी चौडा भएका बाटोको पहुँच पुगेको जग्गा वा क्षेत्रलाई औद्योगिक क्षेत्र तोकिनेछ ।

(२) नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिकाको निर्णय बमोजिम कार्यान्वयन हुने योजना तथा परियोजना अनुसार तोकिनेछ ।

**ङ. खानी तथा खनिज क्षेत्र :**-देहाय बमोजिमको क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गरिनेछ,

१) जमिनको सतहमा ढुङ्गा, गिट्टी, बालुवा समेत वा जमिन मुनि फलाम जस्ता तामा समेत विभिन्न किसिमका खानी भएको क्षेत्र ।

२) जमिन मुनि विभिन्न किसिमका खनिज पदार्थ, पेट्रोलियम पदार्थ, ग्याँस, सुन, चाँदि वा अन्य बहुमूल्य धातु फेला परेको क्षेत्रखानी वा खनिज पदार्थ उत्खनन भइरहेको र हाल खाली रहेको वा फेला परेको क्षेत्र ।

**च. वन क्षेत्रः** प्रचलित कानून बमोजिम वन क्षेत्र भनी परिभाषा गरिएको र देहाय बमोजिम प्रयोग भएको जग्गालाई वन क्षेत्रमा वर्गीकरण गरिनेछ,

१) पूर्ण वा आंशिक रुपले रुख तथा वनस्पतिले ढाकिएको जग्गा,

२) सरकारी, सामुदायिक, कबुलियती, धार्मिक लगायत सबै प्रकारका वन जङ्गल भएको जग्गा,

३) रुख तथा वनस्पति वृक्षरोपण गरिएका सरकारी वा सार्वजनिक जग्गा,

४) रुख तथा वनस्पति नभएको भए तापनि अन्य प्रयोजनको रुपमा वर्गीकरण नभएका झाडी, बुट्यान आदि भएको जग्गा,

५) प्राकृतिक चरन, तथा संरक्षित क्षेत्र रहेको जग्गा,

६) पानीको मुहानलाई संरक्षण गर्न हुर्काइएका वा जोगाइका रुख तथा वनस्पतिले ढाकेको सरकारी वा सार्वजनिक जग्गा,

७) नदी उकासबाट प्राप्त गरी निजी जग्गा बाहेकका वनक्षेत्रका लागि तोकिएको जग्गा,

८) प्रचलित कानून बमोजिमको वन क्षेत्र तोकिएको जग्गा ।

**छ. नदी, खोला, ताल, सिमसार क्षेत्र**:- देहाय बोजिमको क्षेत्रलाई नदी खोला, ताल, सिमसार क्षेत्रमा वर्गीकरण गरिनेछ,

१) नदी, खोला तथा सोको जलप्रवाहको क्षेत्र, किनारा,डिल र बगर क्षेत्र समेत,

२) नहर तथा सोको डिल,

३) प्राकृतिक ताल, पोखरी तथा सोको डिल,

४) साविकको नदी वा खोला बगेको र हाल नदी, खोला उकास भई बगर वा ढुङ्ग्यान कायम भएको क्षेत्र,

५) बग्ने पानी नभए पनि पानी जमेको वा जम्ने सम्भावना भएको सिमसार क्षेत्र ।

**ज. सार्वजनिक उपयोग क्षेत्र** : देहाय बमोजिम प्रयोग भएको जग्गालाई सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गरिनेछ,

१) विभिन्न किसिमका यातायात पूर्वाधार (बसपार्क, कारपार्क, सडक पेटी, सडक, बाटो, रेल्वे, पुल आदि) सार्वजनिक रुपमा उपयोग हुने क्षेत्रले ओगटेको जग्गा,

२) शहरी क्षेत्रको खुला हरित क्षेत्र, बगैचा, पार्क, चिडियाखाना, पिकनिक स्टप, खेल पूर्वाधार तथा मैदान लगायत रहेको सार्वजनिक स्थल,

३) सार्वजनिक आवागमन हुने प्राकृतिक वा मानव निर्मित सम्पदा वा पूर्वाधार रहेको स्थल र सो स्थलले चर्चेको जग्गा,

४) सार्वजनिक रुपमा उपयोग हुने मनोरञ्जन स्थल, चौर, फाँट, चौतारा, टुँडिखेल, हाटबजार लाग्ने स्थान, अन्त्येष्टी स्थल, फोहर व्यवस्थापन स्थल लगायत सो स्थलले चर्चेको जग्गा,

५) सरकारी, प्रतिष्ठान सार्वजनिक संस्था र सामुदायिक विद्यालय, विश्वविद्यालय, लगायत शिक्षण संस्थाले चर्चेको जग्गा ।

**झ. सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र :** देहाय बमोजिमको क्षेत्रलाई सांस्कृतिक तथा पुरातात्त्विक महत्वको क्षेत्रमा वर्गीकरण गरिनेछ,

१) विभिन्न समुदायले धार्मिक, सांस्कृतिक एवम परम्परागत रुपमा पूजा, अर्चना वा उपासना गर्ने मठ, मन्दिर, गुठी, गुम्बा, ग्रामथान, चर्च आदि स्थलले चर्चेको जग्गा,

२) विश्व सम्पदा सूचीमा रहेको ऐतिहासिक, धार्मिक, सांस्कृतिक क्षेत्र,

३) विभिन्न ऐतिहासिक दरबार, भवन, किल्ला, गढी, स्तम्भ लगायतका ढाँचा, निर्माण वा अन्य स्थल,

४) नेपाल सरकारले पुरातात्विक महत्वको भनी परिभाषित गरेको वा संरक्षण गर्ने भनी तोकेका क्षेत्र ।

**ञ.** नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र :-

१) खण्ड (क) देखि खण्ड (झ) सम्ममा उल्लेखित क्षेत्रभित्र नपर्ने विशिष्ट किसिमको भू-उपयोग क्षेत्र,

२) स्थानीय आवश्यकता अनुसार छुट्याउनु पर्ने अन्य कुनै भू-उपयोग क्षेत्र ।

| वडा नं | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | - | १..रवी ट्याक्सी स्टेण्ड उत्तर सवलटोल,डाडाँ गाउ टोल, एकता टोला,दुर्गा मन्दिर टोल<br>२.रतुवा बाधँबाट पश्चिम रिङ्गरोडको १०० मि.<br>३.सुनौलो मार्ग दायाँ बायाँ टोल विकास<br>४. अन्य बाँकि क्षेत्र | १. फाल्गुनन्द चौक देखि पाङ्गमि चौक सम्म सिमना सडकबाट १०० मि भित्र सम्म।<br>२.नगरपालिका चौक देखि दुरसञ्चार रोड उत्तर हुदै नमुना बस्ती १०० मि. भित्र सम्म।<br>३. धन बहादुर श्रेष्ठको घर देखि उत्तर भृकुटी मा.वि. को दायाँ बाया सडक भित्र<br>४. फाल्गुनन्द चौक देखि बेलडागी सडकको देवान चौक सम्म दायाँ बायाँ भित्र<br>५.रवि ट्याक्सी स्टेण्ड भित्र आसपास देवकोटामार्ग पूर्व बेलडागी सडक सबै<br>६. दुरसञ्चारमार्ग र | | १. रतुवाखोला पश्चिम पेल्टीमारी जाने सडक पूर्व दक्षिण (हिमालय सामुदायिक) | | | | |

| वडा नं | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | - | | ५.रवि ट्याक्सी स्टेण्ड भित्र आसपास देवकोटामार्ग पूर्व बेलडागी सडक सबै<br>६. दुरसञ्चारमार्ग र बेलडाँगी सडक पूर्व सतासीमार्ग दक्षिण.................<br>७.हल्दारचौक पूर्व उत्तर प्रगति टोल, कुमाल चौक, पाथिभरा टोल आसपास भित्रको सडक दायाँबाया क्षेत्र।<br>८.बेलडाँगी सडक संगम चौक पूर्व रिङ्गरोड सम्म दायाँ बायाँ क्षेत्र<br>९. सत्तासीमार्ग उत्तर महालक्ष्मी टोल, शान्ति टोल | | | | | | |

| वडा नं | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | - | | ९. सत्तासीमार्ग उत्तर महालक्ष्मी टोल, शान्ति टोल, जनजाति टोल भित्रको क्षेत्र।<br>१०. सतासीमार्ग उत्तर महालक्ष्मी टोल, शान्तिटोल, जनजागृती टोल सबै शहरी क्षेत्र। | | | | | | |

| वडा नं | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | १.विरेन्द्र स्मृति टोलविकास भित्रको कि.नं. १२०८, १२१५, २८८७ र १२०९को जग्गा<br>२.बाँकी अन्य सम्पूर्ण क्षेत्रफल | १. दमक ताराबारी सडक उत्तरका सबै जग्गाहरु<br>२. मदन भण्डारी राजमार्ग दक्षिणका सबै जग्गाहरु<br>३. पाथीभरा मार्ग, खुशियाली मार्ग,भालुखुडी मार्ग पूर्वका सबै जग्गाहरु<br>४. पाथीभरा मार्ग, खुशियाली मार्ग , भालुखुडी मार्ग पश्चिम ३०० मि. | | | १. मदन भण्डारी राजमार्ग उत्तर ५०० मिटर भन्दा बाहिर उत्तरका जग्गाहरु। | | | | १. मदन भण्डारी राजमार्ग उत्तर ५०० मिटर सम्मको क्षेत्रफलमा रहेको जग्गा( पर्यटन क्षेत्र) |

| वडा नं | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | | ५. रतुवा मार्ग पश्चिमका सबै मार्ग जग्गाहरु<br>६.पाङ्गमी चोक मार्ग, देवान चोक मार्ग, उत्तरका सबै जग्गाहरु<br>७.पाङ्गमी चोक हि.मा.वि. मार्ग पश्चिमका सबै जग्गाहरु | | | | | | | |

| वडा नं | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | १.अन्य बाँकी रहेको सम्पूर्ण जग्गा हरु | १. दमक भ्यू टावर, प्रस्तावित मदन भण्डारी रंगशाला तथा प्रस्तावित विराट बुद्धको ५०० मिटर वरिपरिका जग्गाहरु<br>२. वडा भित्रको चलनचल्तिमा रहेको बाटोले छोएको बाटोको अर्धव्यास बाट १०० मिटर भित्रको जग्गाहरु | १. बेलडाँगी वजार क्षेत्रका मदन भण्डारीराज मार्गबाट ५० मिटर अर्ध व्यास क्षेत्र भित्रको छोएको जग्गा | | १.हम्शे दुम्शे वन<br>२. वन | १. मावा खोला<br>२. भालु खोला<br>३. ढुकुरे खोला<br>४. जमुने सिमसार<br>५. पशुपति कुण्ड/ ढुकुरपानी सिमसार<br>६. बेतनी खोला<br>७. भुल्के पानी<br>८.पिपिरे खोला | १.मावा पुल ५०० मि. उत्तर बालविकासरहेको जग्गा<br>२.ढुकुरपानी मा. वि. ले चर्चेको जग्गा<br>३.ढुकुरपानी मा.वि.को स्वामित्वमा रहेको सम्पूर्ण जग्गा<br>४.चुलाचुली आ.वि.ले चर्चेको जग्गा<br>५.जनज्योति आ.वि. ले चर्चेको जग्गा | १. रामचन्द्र मन्दिर प्रतिष्ठानको स्वामीत्वमा रहेको जग्गा<br>२. लक्ष्मी नारायण मन्दिरले चर्चेको जग्गा<br>३. जालपा देवी मन्दिरले चर्चेको जग्गा<br>४. राधाकृष्ण मन्दिरले चर्चेको जग्गा<br>५. शुभलक्ष्मी सामुदायिक भवन<br>६. त्रिकालेश्वर मन्दिरले चर्चेको जग्गा | १. भुटानी शरणार्थी बसोबास क्षेत्र |
| | | | | | | | ६.नगर | | |

| वडा नं | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | | | | | | | ६.नगर आधारभुत स्वास्थ्य चौकीले चर्चेको जग्गा<br>७.वडा कार्यालयले चर्चेको जग्गा<br>८.हम्से दुम्से सामुदायिक खानेपानी संस्थाले चर्चेको जग्गा<br>९.काबेली सहकारीको भवनले चर्चेको जग्गा<br>१०.हम्से दुम्से दुध सहकारी संस्थाले चर्चेको जग्गा | | |

| वडा नं | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | १. चिया बगानको राजमार्ग सँग जोडिएको १०० मिटर बाहिरको जग्गाहरु<br>२. अन्य आवासीय र व्यावसायिक बाहेकको सम्पूर्ण कित्ता | १.लोकमार्ग सँग जोडिएका दायाँ बायाँका 100 मिटर सम्मका जग्गाहरु<br>२.४० देखि ६० फिटका बाटोहरुको दायाँ बायाँ १०० मिटर भित्र पर्ने जग्गाहरु<br>३.२० देखि २० फिटका बाटोहरुको दायाँ बायाँ १०० मिटर भित्र पर्ने जग्गाहरु | १. चिया बगानको राजमार्ग सँग जोडिएको १०० मिटर सम्मका जग्गाहरु | १. लोकमार्ग भन्दा ५०० दायाँ बायाँ भन्दा बाहिरी क्षेत्र रिङ्ग रोड पश्चिम तर्फको क्षेत्रले ओगटेको भू-भाग | | १.मावा खोला<br>२.भुतुरे खोला<br>३.बेतनी खोला<br>४.खरखरे खोला<br>५.धरधरे खोला | १.श्री कृष्ण मा.वि.ले चर्चेको जग्गा<br>२.श्री विद्योदय आ.वि.ले चर्चेको जग्गा<br>३.श्री जनचेतना आ.वि.ले चर्चेको जग्गा<br>४.धिमाल जात्री स्थल जमुझार<br>५.धिमाल जात्री स्थल अर्नाखाडी<br>६.भट्टराई प्रतिष्ठानको स्वामीत्वमा रहेको जग्गा | १. कृष्ण मन्दिर | १. हिमालय चिया बगान क्षेत्र |
| | | ४.२० फिट भन्दा कमका | | | | | ७.दाहाल प्रतिष्ठानको स्वामीत्वमा | | |

| नगरपालिका वडा नं | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | | ४.२० फिट भन्दा कमका साना बाटोहरु को दायाँ बायाँ १०० मिटर भित्रका पर्ने जग्गाहरु | | | | | ७.दाहाल प्रतिष्ठानको स्वामीत्वमा रहेको जग्गा ८.पोख्रेल प्रतिष्ठानको स्वामीत्वमा रहेको जग्गा ९.कार्की प्रतिष्ठानको स्वामीत्वमा रहेको जग्गा | | |

| वडा नं | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | | १.व्यावसायिक क्षेत्र बाहेक सबै वडाका बाकी क्षेत्रहरु<br>२.वडा कार्यालय<br>३.आन्तरिक राजस्व कार्यालय<br>४.इलाका हुलाक कार्यालय | १.पूर्व पश्चिम लोकमार्गले छोएको १०० मिटर दायाँ बायाँका सबै जग्गा<br>२.दमक चोक बेलडाँगी सडकको उत्तर मामा चोक सम्मको सडकले छोएको घर सबै<br>३.क्याम्पसमोड देखि उत्तर आम्दा चोक सम्म सडकले छोएको घर सबै।<br>४. क्याम्पस मोड देखि उत्तर आम्दा चोक सम्म सडकले दायाँ बायाँ छोएको घर सबै | | | १. दिपिनी खोला | १.दिपिनी आ.वि.<br>२.आधारभुत नगर स्वास्थ्य केन्द्र<br>३.जेष्ठ नागरिक प्रतिष्ठान | १.धनेश्वर मन्दिर<br>२.धनेश्वर मन्दिर नाग पोखरी | |



| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५. दिपिनी मार्गको सगरमाथा पेट्रोल पम्म | | | | | | |

| वडा नं | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | | | ५. दिपिनी मार्गको सगरमाथा पेट्रोल पम्प देखि भृकुटी चोक सम्म दायाँ बायाँ छोएको घर सबै<br>६. महेन्द्र राजमार्ग देखि गोर्खाली टोल हुदै यलम्बर चोक र नमुना मार्ग हुदै मंगलदिप मार्केट सम्म बाटोले छोएको घर सबै।<br>७.गणतन्त्र चोक देखि उत्तर बेलडाँगी रोड पश्चिम कनकाई टोलका ४ शाखा बाटाहरुले भेटेका घर सबै। | | | | | | |

| वडा नं | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | - | | १. अन्य बाकी सम्पूर्ण क्षेत्र<br>२.वडा कार्यालय भवन | - | - | - | १.बसपार्क परिसर<br>२.यस वडामा हालसम्म निर्माण भई सकेका सम्पूर्ण सडकले ओगटेको क्षेत्र पक्की र कच्ची समेत<br>३. सडक डिभजन कार्यालय<br>४. इलाका प्रहरी कार्यालय<br>५.दमक कृषि बजार क्षेत्र<br>६. कृषि संस्थानको स्वामित्वमा रहेको जग्गा | १. पशुपति मन्दिर भवन र परिसर क्षेत्र,<br>२.हनुमान मन्दिर तथा परिसर,<br>३. किराँत माङ्हिम<br>४. मस्जित भवन तथा परिसर समेत | |

| वडा नं | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | | १. रिङरोड देखि पूर्व बाँकी क्षेत्र | १.दमक नगरपालिका हुदै श्रीपाली चोक सम्म,<br>२. महेन्द्र राजमार्ग देखि दमक नगरपालिका रोड सम्म,<br>३. श्रीपाली चोक देखि पञ्चमुखी टोल सम्म<br>४.रीङ्ग रोडले छोएका जग्गा<br>५. गाडबाँध पश्चिम दमक नगरपालिका रोड सम्म बाटोले छुने क्षेत्र | | | १.राते होली<br>२.राते होली रिङ्गरोड पश्चिक<br>३.रतुवा नदी | १.पशुहाट बजारले ओगटेको क्षेत्र<br>२.रोजगार्डेन,<br>३.नेपाल रेडक्रस सोसाईटि,<br>४. पञ्चमुखी टोल<br>५.दमक नगरपालिकाको जग्गा,<br>६.गोसलाईनमा रहेको दमक न.पा. को जग्गा<br>७.नमुनाबस्ति<br>८. हाटखोला<br>९. रातेहोली,<br>१०.टेलिकम नजिकको जग्गा,<br>११. पौडेल बंशोधन<br>१२.हस्तकला,<br>१३.दलित संघ<br>१४. सुधार टोल | १.राधाकृष्ण मन्दिर<br>२.किराँत माङ्हिम<br>३.मदरसा<br>४.चर्च<br>५.रामजानकी मन्दिर | |

| वडा नं | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | | | | | | | १५.सयपत्री, क्षितिज टोलमा रहेको टोल विकासको जग्गा,<br>१६.राधामाधव,<br>१७. किरात भवन<br>१८. उद्योग वाणिज्य संघ<br>१९.ओ.सी.एम.सी भवन,<br>२०.आधारभुत स्वास्थ्यकेन्द्र,<br>२१.नमुना कर्बड हल<br>२२.सेफ हाउस क्षेत्र<br>२३. झिःगु समाज<br>२४. पृथ्वी मा.वि.। | | |

| वडा नं | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | | १. व्यावसायिक क्षेत्र बाहेकका दमक ८ का सम्पूर्ण भू-भागहरु | १.पूर्व पश्चिम राजमार्गले छोएका जग्गाहरु।<br>२.पूर्व पश्चिम राजमार्गबाट करिब १०० मिटर दक्षिण सम्मका जग्गाहरु<br>३.हाइवे सेतुमारी सडकले छोएका जग्गाहरु।<br>४.शहिद मार्ग सडकले छोएको जग्गा<br>५.दमक चोक देखि किरात चोक सम्मको सडकले छोएको जग्गा | | | | १.सरस्वती मा. वि. को स्वामित्वमा कायम रहेको जग्गाहरु<br>२. दमक नगरपालिकाको स्वामित्वमा रहेको जग्गा | | |

| वडा नं | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | चिया बगान भएको क्षेत्र | चलन चल्तिमा रहेको बाटोले छोएको १०० मिटर दायाँ बायाँको क्षेत्रको जग्गाले ओगटेको जग्गा | राजमार्ग दक्षिण पट्टी राजमार्गबाट १०० मिटर पर्ने जग्गा | | चिया बगान सँग जोडिएको बन क्षेत्र भनि तोकिएको क्षेत्र | | | | |

| वडा नं. | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | १. साविक १७ रिङरोड पश्चिम १०० मिटर भन्दा बाहिर | १. साविक १७ नवलबाडी क्षेत्र<br>२. साविक १७ रिङरोड पश्चिम १०० मिटर सम्म | १. सेतुमारी बजार | १. साविक १९ रिङरोड पश्चिम जहदा पार्याडागी ३५० मिटर भन्दा बाहिर | | १.घुमाउने खोला,<br>२.मावा खोला<br>३.रतुवा खोलाले ओगटेको क्षेत्र | १.आम्बारी खेल मैदान<br>२. सिंहदेवि मा.वि,<br>३.पशुपति आ.वि.,<br>४.सरमाथा आ. वि.<br>५. जनता आ. वि. | १.स्वर्गिक मार्ग<br>२.दुर्गा मन्दिर<br>३. शिव मन्दिर<br>४. चासोक तङनाम मन्दिर (माङहिम)<br>५.निलकण्ठेश्वर मन्दिर<br>६. राधाकृष्ण मन्दिर<br>७. सिंहदेवी देवास्थल<br>८. बाह्रघरे ग्रामथान | १.इन्द्रेणी ताल तथा साइन्स सिटिले ओगटेको भू भाग (पर्यटकीय क्षेत्र) |

| वडा नं. | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | २. रिङरोड पूर्व घुमाउने टोल विकास संस्था १०० मिटर भन्दा बाहिर | ३. साविक १९ रिङरोड पश्चिम जहदा पार्याडागी १०० मिटर सम्म | | | | | | ९.नवलबाडी ग्रामथान | |

| वडा नं. | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | ३. घुमाउने टोल विकास अन्तर्गत घमाउने खोला पूर्व दमक १० र दमक ९ सो सीमाना दक्षिण ३०० | ४. रिङरोड पूर्व घुमाउने टोल विकास संस्था १०० मिटर सम्म ५. घुमाउने टोल विकास अन्तर्गत घमाउने खोला पूर्व दमक १० | | | | | | | |

| वडा नं. | कृषि | आवासीय | व्यावसायिक क्षेत्र | औद्योगिक | वन | नदी खोला ताल सिमसार | सार्वजनिक उपयोग | सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको | अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | दक्षिण ३०० मिटर भन्दा बाहिर क्षेत्र | खोला पूर्व दमक १० र दमक ९ सो सीमाना दक्षिण 1०० मिटर भित्र ६. बाँकि उल्लेखित भू-भाग हरु | | | | | | | |

**आज्ञाले**
**शशि राई**
**प्रमुख प्रशासकीय अधिकृत**